नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालयको

## वैदेशिक रोजगार छात्रवृत्ति (शैक्षिक सत्र २०७८) का लागि निवेदन दिने बारेको सूचना

**प्रकासित मिति : २०७८।०४।११**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई करार अवधि भित्र मृत्यु भएका वा पूर्णरुपमा असक्त वा गम्भीर बिरामी भएका कामदारका बालबालिकालाई वैदेशिक रोजगार छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार छात्रबृत्ति सञ्चालन कार्यविधि, २०७१ को अनुसुचि (१) बमोजिमको ढाँचामा २०७८ साल असोज मसान्तभित्र निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**विद्यार्थीले निवेदन पेश गर्ने निकाय**

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसुचि १ बमोजिमको ढाँचामा ।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार बोर्डबाट **शत प्रतिशत (१००%) आर्थिक सहायता** लिएका कामदारका छोरा छोरी हुनु पर्नेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- **मिति २०७८ श्रावण मसान्तसम्म** उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालबालिकालाई मात्र शैक्षिक शत्र २०७८ को छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु (हाल सम्म छात्रवृत्ति प्राप्त नगरेकाहरुका लागि)**

- कामदारको श्रम स्वीकृतिको निस्सा (स्टिकर) को प्रतिलिपि ।
- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- बोर्डबाट आर्थिक सहायता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहदानीको प्रतिलिपि र राहदानी नं. ।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज ।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको सिफारिस ।

**छात्रवृत्ति प्राप्त गरिरहेका बालबालिकाका लागि**

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
- कामदारको राहदानीको प्रतिलिपि ।

Scanned with CamScanner

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

रुपन्देही

फोन नं. ०७१-५२४४

प.सं. ०७८/०७९
च.नं. ९८९

मितिः २०७८/०५/०७

श्री सम्पूर्ण विद्यालयहरु
रुपन्देही ।

विषय : वैदेशिक रोजगार छात्रवृत्ती शै.स. २०७८ सम्बन्धी सूचना ।

रुपन्देही जिल्लाका सम्पूर्ण विद्यालयहरु, प्रधानाध्यापक ज्युहरु, विद्यार्थी एवं अभिभावक ज्युहरुले वैदेशिक रोजगार बोर्डको सचिवालयको सूचनामा उल्लेखित समय सीमा (२०७८।०७।१५ गते) भित्र आवश्यक कागजात सहित यस इकाइमा छात्रवृत्तिको लागि निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै वैदेशिक रोजगार बोर्डको सचिवालयको सूचनासमेत यसैसाथ संलग्न गरिएको छ ।

बोधार्थ:
स्थानीय तहहरु सबै, रुपन्देही
-आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन ।

५।८

विपेन्द्र ढकाल
उपसचिव
(इकाई प्रमुख)

Scanned with CamScanner